## के तपाईंलाई आवेदन पूरा गर्न  कुनै सहयोग चाहिन्छ ?

**तपाईंले निम्न तरिकाबाट मद्दत लिन सक्नुहुन्छ :**

**निम्न स्थानहरूमा गएर कुनै व्यक्तिको व्यक्तिगत सहयोग प्राप्त गर्ने**

डार्टमाउथ–हिचकक मेडिकल केन्द्र One Medical
Center Drive Lebanon, NH 03756

डार्टमाउथ–हिचकक कन्कर्ड 253 Pleasant Street
Concord, NH 03301

डार्टमाउथ–हिचकक म्यानचेस्टर 100 Hitchcock Way
Manchester, NH 03104

डार्टमाउथ–हिचकक नसहुआ 2300 Southwood
Drive Nashua, NH 03063

डार्टमाउथ–हिचकक कीने 580-590 Court Street
Keene, NH 03431

**निम्न नम्बरमा हाम्रा बिरामीका पक्षपाति (एडभोकेट) हरू मध्ये कसैलाई फोन गर्नुहोस् :**

(८४४) ६४७–६४३६

**कृपया पूरा गरिएको आवेदन निम्न ठेगानामा पठाउनुहोस् :**

Dartmouth-Hitchcock
Attn: PFS - Level 3 - NSA
One Medical Center Drive
Lebanon, NH 03756-0001

डार्टमाउथ–हिचकक
dartmouth-hitchcock.org/assistance

# आर्थिक सहयोग



# नीति



डार्टमाउथ–हिचकक

## के तपाईंलाई डार्टमाउथ–हिचककमा आकस्मिक वा चिकित्सकीय (मेडिकल) रूपमा आवश्यक स्याहारहरूका लागि बिलको भुक्तानी गर्नका लागि सहयोग चाहिन्छ ?

तपाइँ आर्थिक सहयोगका लागि योग्य हुन सक्नुहुन्छ।

डि–एचले योग्य हुने बिरामीहरू र एनएच वा भिटिका बासिन्दाहरूलाई, वा हाम्रो क्षेत्रमा भएका बेला चिकित्सकीय (मेडिकल) आकस्मिकता अनुभव गर्ने गैरवासिन्दालाई नि:शुल्क वा छूटमा आकस्मिक वा चिकित्सकीय रूपमा आवश्यक सेवाहरू प्रदान गर्दछ ।

साधारणतया, तपाईंले तिर्नुपर्ने बाँकी रकम (ब्यालेन्स) मा मद्दत गर्नका लागि आर्थिक सहयोग उपलब्ध हुनेछ यदि :

तपाइँको बीमा छैन वा अल्प-बीमा छ।

तपाइँ बीमा सुरक्षा वा अन्य सरकारी सहयोगका निम्ति योग्य हुनुहुन्न र तलका मध्ये एउटा कुरा साँचो हो :

- तपाइँको परिवारको आय स्वास्थ्य र मानव सेवा विभागद्वारा जारी, बार्षिक रुपमा अद्यावधिक गरिने, संघीय गरिबीको (फेडेरल पोभर्टी) सीमाको ३०० प्रतिशतभन्दा कम छ;
- यदि तपाइँलाई आफ्नो जाय जेथा, तरल सम्पत्ति, वा अन्य उपलब्ध स्रोतहरूले तपाइँको स्याहारको खर्च धान्न सक्दैन भन्ने लाग्छ भने,

तपाइँको पूरा गरिएको आवेदनका अतिरिक्त, सहयोगका लागि तपाइँ योग्य हुनुहुन्छ कि हुनुहुन्न भनी निर्धारण गर्न हामीलाई तपाइँको आय, सम्पत्ति र चिकित्सा खर्चहरूको प्रमाणिकरण गर्ने दस्तावेजहरू आवश्यक हुनसक्छ। यदि तपाइँ आर्थिक सहयोगका लागि योग्य हुनुहुन्न भने, तपाइँ अझै हाम्रो नीति अनुरूप पनि स्व–भुक्तानी छूट वा अन्य छूटहरूका लागि योग्य हुन सक्नुहुन्छ। तपाइँले पूर्ण डि–एच आर्थिक सहयोग नीतिको प्रति कसरी प्राप्त गर्ने भन्ने कुराको जानकारी तल पाउनुहुन्छ जसले सम्भावित छूटहरूलाई विस्तारित रूपमा व्याख्या गरेका छन् ।

## डि–एचको आर्थिक नीति

बीमा नभएका बिरामीहरूलाई साधारणतया एउटै किसिमको स्याहार समेट्ने बीमा भएका बिरामीलाई बिजक गर्नु पर्ने रकमभन्दा बढी शुल्क लिन मिल्दैन।

डार्टमाउथ–हिचककले कुल शुल्कमध्येको बीमा नगरिएको, वा कुनैपनि बीमा कम्पनीले सुरक्षित नगर्ने भनि वर्गिकृत गरेका सेवाहरुको नतिजा स्वरुप बिरामीले तिर्ने अपेक्षा गरिएको सबै बाँकी रकममा छूट प्रदान गर्दछ, यो छूट सह–भुक्तानीहरू, सह–बीमा, कटौती रकमहरू, पूर्व–भुक्तानी वा समष्ठि (प्याकेज) सेवाहरूमा लागू हुँदैन जसले पहिले नै आवश्यक छूटहरूको व्यवस्था गरेका हुन्छन् ।

## मैले आर्थिक सहयोगका लागि कसरी आवेदन गर्ने ?

बिरामीका पक्षपाति (एडभोकेट) हरूले तपाइँलाई बीमा सुरक्षा (कभरेज) वा अन्य स्रोतहरूको पहिचान गर्न र आवेदन गर्न तथा आर्थिक सहयोगका लागि आवेदन पूरा गर्न मद्दत गर्न सक्छन् । यदि तपाइँसँग सबै सुरक्षाका विकल्पहरू सकिएपछि रकम बच्छ भने, तपाइँ आर्थिक सहयोगका लागि योग्य हुनसक्नुहुनेछ। आवेदन व्यक्तिगत रूपमा, टेलिफोनमा वा तल दिइएको वेबलिङ्कबाट अनुरोध गर्न सकिनेछ।

तपाइँको अनुरोध भएमा, आर्थिक आवेदन फाराम वा आर्थिक नीतिको एक प्रति तपाइँलाई निशुल्क हुलाकमार्फत पठाइनेछ। फेरि, यी दस्तावेजहरू र यो सारांश हाम्रो वेबसाइट

dartmouth-hitchcock.org/billing-charges/financial_assistance.html मा उपलब्ध छ र ती तलका भाषाहरूमा छापिएका छन् :

- स्पेनी
- फ्रान्सेली
- पुर्तगाली
- चिनियाँ
- ग्रीक
- भियतनामी
- नेपाली
- अरेबिक
- रुसी